

# हेरचाह समन्वय

## दम, मधुमेह, कोरोनरी धमनीसम्बन्धी रोग, COPD वा मुटुले काम गर्न छोडेकाहरूलाई स्वास्थ्य राम्रो बनाउन र बचतको आनन्द लिन मद्दत गर्दछ

OSU स्वास्थ्य योजना (Health Plan) | osuhealthplan.com

हेरचाह समन्वय-ले ओहायो राज्यका संकाय, कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूलाई उनीहरूको पूरानो स्वास्थ्य स्थिति राम्रोसँग मिलाउन, उनीहरूको स्वास्थ्य सुधार गर्न र पैसा जोगाउन मद्दत गर्दछ। तपाईंलाई दम, मधुमेह, कोरोनरी धमनी रोग, COPD वा मुटुले काम गर्न छोडेको छ र विश्वविद्यालय चिकित्सा योजनामा नामांकित हुनुहुन्छ भने अर्को चरण सजिलो छ। तपाईंको पहिलि फोन अपोइन्टमेन्ट समय निर्धारण गर्नका लागि 1-614-292-4700 वा 1-800-678-6269 मा फोन गर्नुहोस्।

## हेरचाह संयोजका 5 फाइदाहरू

1 विश्वविद्यालय चिकित्सा योजनामा नामांकित ओहायो राज्यका संकाय, कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूका लागि पूरक!

2 तपाईंका निर्धारित औषधिहरू बुझ्न सहायता र मद्दत गरेर चिकित्सकीय औषधिहरूमा महत्त्वपूर्ण बचत*।

3 स्वास्थ्य संकाय र कर्मचारी प्रोत्साहन कार्यक्रमका लागि तपाईंको योजना मार्फत थप पोइन्ट्स।†

4 आफ्नो स्वास्थ्य र स्वस्थ लक्ष्यहरू प्राप्त गर्न मद्दत गर्नका लागि स्वास्थ्य सेवा पेशेवरहरूको टीमसँग सम्बद्ध तपाईंको स्वास्थ्य योजनाका फाइदाहरूबाट अधिकतम लाभ उठाई अन्य सामुदायिक स्रोतहरूको बारेमा जान्नुहोस्।

5 समयसँगै राम्रो महसुस गर्न र आफ्नो स्वास्थ्य र स्वास्थ्य सुधारका लागि व्यक्तिगत कार्य योजना।

THE OHIO STATE UNIVERSITY
HEALTH PLAN

YOUR PLAN FOR HEALTH

*बचतहरू पुरानो स्थिति र औषधिको आवश्यकताहरूको आधारमा भिन्न हुन्छन्। धेरै साधारण औषधिहरू कुनै शुल्क बिनै कभर गरिन्छ जबकि निश्चित नामका ब्राण्डहरू आधा मूल्यका हुन्छन्।

† संकाय, कर्मचारी र श्रीमान/श्रीमतीहरूका लागि।

# तपाईं यहाँ कसरी बचत गर्नुहुन्छ

## स्वास्थ्य सेवा लागतमा पैसा बचत गर्ने सबैभन्दा राम्रो तरिका भनेको आफ्नो राम्रो हेरचाह गर्नु हो

तपाईं र तपाईंको हेरचाह संयोजक मिलेर तपाईंलाई स्वस्थ बनाउन वा स्वस्थ राख्न र तपाईंलाई राम्रो महसुस गराउने एक व्यक्तिगत कार्य योजना तयार पार्नुहुने छ। उदाहरणका लागि तपाईंको योजनाले तपाईंको रक्तचाप र रक्त शर्कराको स्तरमा सुधार गर्नका लागि स्वस्थ व्यवहारहरू समावेश गर्न, तपाईंको तौल र कोलेस्ट्रोल मिलाउन र हृदय स्वस्थ राख्ने व्यायाम गर्ने हुन सक्छ। त्यसपछि तपाईं आफ्नै तरिकाले योजनाको पालना गर्नुहोस्।

## प्रिस्क्रिप्शन औषधि लाभ (Prescription Drug Benefit) मार्फत पैसा जोगाउनुहोस्

प्रत्येक वर्ष योग्य प्रिस्क्रिप्शनको लागत* मा बचत गर्नुहोस्। फार्मासिस्टसँग तपाईंको पहिलो अपोइन्टमेन्टको दुई हप्ताभित्र प्रिस्क्रिप्शन प्रतिहरूमा छुट पाउनुहोस् - त्यसैले यसले तुरुन्तै नामांकन गर्नका लागि भुक्तानी गर्दछ!

## तपाईंको हेरचाह संयोजकले राम्रो स्वास्थ्यका लागि व्यक्तिगत सहायता दिन्छ

हेरचाह समन्वय कार्यक्रमको केन्द्रबिन्दुमा तपाईंको **हेरचाह संयोजक** छ जसले तपाईंको समस्याहरू सुन्ने, तपाईंका प्रश्नहरूको जवाफ दिने, राम्रो स्वास्थ्यका लागि तपाईंको व्यक्तिगत कार्य योजना विकास गरी तपाईंलाई सफलताका लागि प्रशिक्षित गर्ने छ।

तपाईंको हेरचाह संयोजकले तपाईंलाई आफ्नो चिकित्सकको निर्देशन र निर्धारित औषधिहरू बुझ्न, सहायक सामुदायिक स्रोतहरू खोज्न र बायोमेट्रिक स्वास्थ्य जाँच, शैक्षिक कार्यक्रम, व्यक्तिगत स्वास्थ्य र स्वस्थ मूल्याङ्कन (Personal Health & Well-Being Assessments, PHA), संकाय र कर्मचारी प्रोत्साहन कार्यक्रम (Faculty & Staff Incentive Program) र ओहायो राज्य कर्मचारी सहायता कार्यक्रम (Ohio State Employee Assistance Program) लगायतका स्वास्थ्य सेवाहरूका लागि तपाईंको योजनासँग जोड्न मद्दत गर्नका लागि अन्य महत्त्वपूर्ण गाइडको रूपमा पनि काम गर्दछ।

## मिलनसार, भरपर्दो, जानकार र जडान भएको

तपाईंको हेरचाह संयोजकले तपाईंलाई तपाईंको स्वास्थ्य लक्ष्यहरूमा सहायता गर्ने नर्स, स्वास्थ्य प्रशिक्षक, पोषण विशेषज्ञ, व्यायाम फिजियोलोजिस्ट, फार्मासिस्ट र शिक्षकहरू लगायतका स्वास्थ्य सेवा पेशेवरहरूको टीमसँग जोड्ने छ।



# अहिले नै सामेल हुनुहोस्

सोमबारदेखि शुक्रबारसम्म | पूर्वाह्न 8 बजे - अपराह्न 5 बजेसम्म

1-614-292-4700 वा 1-800-678-6269 मा फोन गर्नुहोस्

ग्राहक सेवाका लागि “0” छनोट गर्नुहोस्
वा इमेल: carecoordination.osuhealthplan@osumc.edu

हेरचाह संयोजक OSU हेल्थ प्लान (Health Plan) द्वारा दिइएको सेवा हो, तपाईंको स्वास्थ्यका लागि योजना (Your Plan for Health, YP4H), ओहायो राज्यका संकाय र कर्मचारीहरूलाई उपकरण र स्रोतहरू प्रदान गर्नका लागि व्यापक दृष्टिकोण हो जसले उनीहरूलाई आफ्नै स्वास्थ्य व्यवस्थापन गर्न सक्रिय बन्नका लागि सशक्त बनाउँछ।

THE OHIO STATE UNIVERSITY
HEALTH PLAN

YOUR PLAN FOR HEALTH